श्री ५ को सरकार

## श्रम मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले श्रम ऐन, २०४८ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी देहायका क्षेत्रहरूको निमित्त देहाय बमोजिम श्रम अधिकृतहरू नियुक्त गरेको छ ।

| क्र.सं. | क्षेत्रहरू | श्रम अधिकृत र कार्यालय |
|---|---|---|
| १. | कोशी अंचल | बरिष्ठ श्रम अधिकृत (रा.प. द्वितीय प्र.) कार्यालय प्रमुख, श्रम कार्यालय, कोशी अंचल । |
| २. | नारायणी अंचलको पर्सा, बारा र रौतहट जिल्ला | बरिष्ठ श्रम अधिकृत (रा.प द्वितीय प्र.) कार्यालय प्रमुख, श्रम कार्यालय, पर्सा । |
| ३. | बागमती अंचल | श्रम अधिकृत (रा. प. तृतीय प्र.) श्रम कार्यालय, बागमती अंचल । |

खण्ड ३२, संख्या ३८ मिति २०३९।१०।३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित श्रम तथा सामाजिक कल्याण मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले श्रम ऐन, २०४८ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरी देहायका क्षेत्रहरूको निमित्त देहायका अधिकृतहरू (मेकानिकल इन्जिनियर) लाई कारखाना निरीक्षकमा नियुक्त गरेको छ ।

| क्र.सं. | क्षेत्रहरू | कारखाना निरीक्षक र कार्यालय |
|---|---|---|
| १. | मेची अंचल | कारखाना निरीक्षक (रा.प.तृतीय प्रा.) कार्यालय प्रमुख, श्रम कार्यालय, मेची अंचल। |
| २. | कोशी अंचल | कारखाना निरीक्षक (रा.प.तृतीय प्रा.) कार्यालय प्रमुख, श्रम कार्यालय, कोशी अंचल। |
| ३. | सगरमाथा र जनकपुर अंचल | कारखाना निरीक्षक (रा.प. तृतीय प्रा.) कार्यालय प्रमुख, श्रम कार्यालय, जनकपुर अंचल । |
| ४. | नारायणी अंचलको पर्सा, बारा र रौतहट जिल्ला | कारखाना निरीक्षक (रा.प.तृतीय प्रा.) श्रम कार्यालय, पर्सा । |

४२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ५. | नारायणी अंचलको मकवानपुर र चितवन | कारखाना निरीक्षक (रा.प.तृतीय प्रा.) कार्यालय प्रमुख, श्रम कार्यालय, मकवानपुर। |
| ६. | बागमती अंचल | वरिष्ठ कारखाना निरीक्षक (रा.प.द्वितीय प्रा.) कार्यालय प्रमुख तथा कारखाना निरीक्षक (रा.प. तृतीय प्रा.) श्रम कार्यालय, बागमती अंचल। |
| ७. | गण्डकी र धवलागिरी अंचल | कारखाना निरीक्षक (रा.प. तृतीय प्रा.) कार्यालय प्रमुख, श्रम कार्यालय, गण्डकी अंचल। |
| ८. | लुम्बिनी र राप्ती अंचल | कारखाना निरीक्षक (रा.प. तृतीय प्रा.) कार्यालय प्रमुख श्रम कार्यालय, लुम्बिनी अंचल। |
| ९. | भेरी, कर्णाली, सेती र महाकाली अंचल | कारखाना निरीक्षक (रा.प. तृतीय प्रा.) कार्यालय प्रमुख, श्रम कार्यालय, भेरी अंचल। |

खण्ड ३२, संख्या ३८ मिति २०३९।१०।३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित श्रम तथा सामाजिक कल्याण मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले,
डा. प्रभा बस्नेत
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी काठमाडौं विश्वविद्यालयको भवन निर्माणको लागि दिइने चन्दा, नेपाल आइ प्रोग्राम नामक संस्थाद्वारा पशुपति क्षेत्रको तिलगंगामा स्थापना गरिने इन्ट्रा अकुलर लेन्स उत्पादन तथा अन्धोपन उन्मूलन सम्बन्धी कार्यक्रमको भवन निर्माणको लागि दिइने चन्दा र जर्मन सरकारको सहयोग समेतबाट भक्तपुरको ५५ झ्याले दरबार जिर्णोद्धार गर्ने आयोजनामा अन्य संस्थाहरूबाट दिइने चन्दामा आयकर छूट दिने गरी निर्णय भएको हुँदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
ऋषिराम लामिछाने
उपसचिव

४२५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।